# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७७।०३।२८ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला कपिलवस्तु साविक गा.पं.छो. भगवानपुर वडा नं. ५क को कित्ता नं. ९४ को जग्गा बाटो कायम रहेको, उक्त जग्गा साविक विरपुर-९ हाल शिवराज नगरपालिका वडा नं. ५ मतिबुल हसन खाँले हालैको बकसपत्रमार्फत आफ्नो श्रीमतीको नाममा नामसारी गरी बिक्री वितरण हुँदै हाल साविक कृष्णनगर गा.वि.स. वडा नं. ३ बस्ने व्यक्तिको नाममा कायम भएको भन्नेसमेत व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा गलत लिखत तयार गरी सरकारी सम्पत्तिको हानिनोक्सानी गरी भ्रष्टाचारजन्य कसुरमा संलग्न देहायका व्यक्तिहरुउपर देहायबमोजिम सजाय हुन मागदाबी लिइएको छ ।

क. मालपोत कार्यालय कपिलवस्तुमा कार्यरत तत्कालीन कार्यालय प्रमुख **मालपोत अधिकृत रेशम बहादुर थापाक्षेत्री, ना.सु. मोदनाथ पौडेल, रजिष्ट्रेशनफाँटका खरिदार बद्रिनाथ रेग्मी, मोठफाँटका खरिदार बालकृष्ण अर्याल**ले मालपोत कार्यालय तौलिहवा कपिलवस्तुबाट रजिष्ट्रेशन नं. २५८१ मिति २०४७।०९।२९ को हालैको बकसपत्रको लिखत सम्बन्धमा नापी कार्यालय तौलिहवा तथा मालपोत कार्यालय तौलिहवा कपिलवस्तुमार्फत प्राप्त फिल्डबुक उतारबमोजिम जिल्ला कपिलबस्तु साविक गा.पं. छो. भगवानपुर वडा नं. ५ को कित्ता नं. ९४ को जग्गा हालैको वकसपत्रले मतिबुल हसन खाँबाट निजको श्रीमतीको नाममा र त्यसपश्चात अर्को व्यक्तिको नाममा आएको देखिंदा गलत लिखत तयार गर्ने कार्यमा संलग्न रही सार्वजनिक सम्पत्तिको हिनामिना, हानिनोक्सानी र मास्ने बदनियतले उक्त कार्य गरेको र मतिबुल हसन खाँलाई मिति २०४७।०९।२९ मा उक्त लिखत पारित गर्दा जग्गाको मूल्य खुल्ने रकम रु. २८,३००।— बराबरको गैरकानूनी लाभ पुऱ्याउने र सार्वजनिक सम्पत्तिको हिनामिना र दुरुपयोग गर्ने कार्य गरेको प्रमाणित हुन आएकोले निजहरुले गरेको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ९ र ऐ. ऐनको दफा १३ बमोजमको भ्रष्टाचारजन्य कसुर भएको र सो कसुरलाई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ऐ.ऐन को दफा १७ ले समेत उक्त कसुरको निरन्तरता दिएको देखिंदा निजहरु रेशम बहादुर थापाक्षेत्री, ना.सु. मोदनाथ पौडेल, खरिदार बद्रिनाथ रेग्मी र खरिदार बालकृष्ण अर्यालउपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ९ र ऐ. ऐनको दफा १३ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ऐ.ऐनको दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय हुन मागदाबी लिइएको छ ।

ख. जिल्ला कपिलवस्तु साविक विरपुर गा.वि.स. वडा नं. ९ हाल ऐ. जिल्ला शिवराज नगरपालिका वडा नं. ५ पर्सिया **बस्ने मतिबुल हसन खाँ**ले मालपोत कार्यालय तौलिहवा कपिलवस्तुबाट रजिष्ट्रेशन नं. २५८१ मिति २०४७।०९।२९ को हालैको वकसपत्रको लिखत पारित सम्बन्धमा निजले मालपोत कार्यालय कपिलवस्तुमा तत्कालीन समयमा कार्यरत कर्मचारीहरुको मिलेमतोमा जिल्ला कपिलवस्तु छो. भगवानपुर गा.पा. वडा नं. ५क को कित्ता नं. ९४ को सार्वजनिक बाटो कायम भएको जग्गा गैरकानूनी लाभ लिने उद्देश्यले आफ्नो श्रीमतीको नाममा हालैको बकसपत्रमार्फत कर्मचारीहरुको मिलेमतोमा गलत लिखत तयार गरी हक हस्तानान्तरण गरी सार्वजनिक सम्पत्तिको हिनामिना, हानिनोक्सानी गरेको देखिन आएकोले निजले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ बमोजिम कसुर गरेको र सो कसुरलाई हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) ले समेत निरन्तरता दिएको हुँदा निज मतिबुल हसन खाँउपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला